# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्रसंख्या :- ५२४ मिति : २०६६/१२/२९

**श्री नेपाल राष्ट्र बैंक, बैकिंग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्र प्राप्त (क) वर्गका बैंकहरु ।**

**विषयः- *इ.प्रा. परिपत्र संख्याः ३८७ मा संशोधन वारे ।***

महाशय,

कच्चा ऊन आयात सम्बन्धमा यस बैंकबाट जारी भएको इ.प्रा. परिपत्र संख्या : ३८७ मा देहाय बमोजिम संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय ( नियमित गर्ने ) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिपत्रको दफा २ मा उल्लिखित कच्चा ऊन ४-६ (इन्च) लम्वाईको हुनुपर्ने शर्त चीनको स्वशासित क्षेत्र तिव्वत बाहेक अन्य मुलुकबाट हुने कच्चा ऊन आयातको लागि मात्र लागू हुनेछ ।
२. परिपत्रका अन्य शर्तहरु पूरा गरी चीनको स्वशासित क्षेत्र तिव्वतबाट समेत प्रतीतपत्र मार्फत कच्चा ऊन आयात गर्न सकिनेछ ।
३. विधिवत दर्ता भई अनुमति प्राप्त गरेका स्वेटर उद्योगहरुलाई आवश्यक पर्ने २-३ (इन्च) लम्वाई र १४-२९ माइक्रोन मोटाईको कच्चा ऊन समेत तोकिएको स्किम बमोजिमको परिमाणमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सिफारिस बमोजिम प्रतीतपत्रको माध्यमबाट आयात गर्न सकिनेछ ।
४. कच्चा ऊन आयात सम्बन्धी अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

( भाष्करमणि ज्ञवाली )
कार्यकारी निर्देशक

***वोधार्थः-***

१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नि.वि. महाशाखा, सिंहदरवार ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर ।
५. श्री नेपाल उद्योग वाणिज्य महासंघ, वागमति च्याम्बर, टेकु ।
६. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तरराष्ट्रिय व्यापार शाखा ।
७. श्री व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक ।
८. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९. बैंक सुपरिवेक्षण विभाग ।
१०. आन्तरिक लेखा परिक्षण विभाग ।
११. सूचना प्रविधि विभाग :- यस विभागको वेभसाइटमा राखिदिनु हुन ।
१२. नेपाल बैंकर्स एशोसिएशन, हेरिटेज प्लाजा, काठमाडौं ।